२०७९ असोज ५ गते तदनुसार **(September 21, 2022)** बुधवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. उपभोक्ता समितिले ब्यहोर्ने लागत सहभागिता (जनश्रमदान) सम्बन्धमा ।

२. प्रदेश स्तरीय खेलकुद प्रतियोगितालाई सहयोग सम्बन्धमा ।

३. करारका कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।

४. ट्राफिक प्रहरी पोष्ट माग सम्बन्धमा ।

५. पुनर्ताजगी **(Refresh Centere)** स्थल सञ्चालन सम्बन्धमा ।

असोज-५

२०७९ साल ~~भदौ २८~~ गते बुधवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०७९/८० मा उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा उपभोक्ता समितिले कम्तिमा १०% लागत सहभागिता (जनश्रमदान) अनिवार्य रुपमा गर्नु पर्ने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं.२.नवौं राष्ट्रिय खेलकुद छनौट प्रयोजनार्थ प्रदेश नं.१ अन्तरगत हुने खेलकुदमा भाग लिनको लागि यस ओखलढुङ्गा जिल्लाबाट प्रतियोगितामा भाग लिनको लागि जाने खेलाडीहरुलाई सहयोग बापत यस गाउँपालिकाको आ.व.२०७९/८० मा विनियोजन भएको बजेट शीर्षक **विविध खेलकुद कार्यक्रम** को रु. १ (एक) लाख मध्येबाट रु.७५ हजार (पचहतर हजार) मात्र जिल्ला भलिबल संघ, ओखलढुङ्गालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.३. यस मानेभन्ज्याङ गाउँपालिकाको विभिन्न वडाहरु र गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कार्यालय सहयोगीहरु, चौकीदार, हलुका सवारी चालक, ब्याक हो लोडर चालकको सेवा सुविधामा अघिल्लो आ.व.२०७८/७९ मा खाईपाई आएको तलबमा १५% ले बृद्धि गरी मासिक दुई हजार महङ्गी भत्ता उपलब्ध गराउने निर्णय सर्व सम्मतिले गरियो । साथै स्वास्थ्य चौकीहरुमा कार्यरत कार्यालय सहयोगीहरुको हकमा अघिल्लो आ.व.२०७८/७९ मा खाईपाई आएको तलबको १५% ले बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं.४: मानेभन्ज्याङ गाउँपालिकाको केन्द्र वडा नं. ५ को मानेभन्ज्याङ बजारमा ट्राफिक प्रहरी पोष्ट आवश्यक रहेको हुँदा जिल्ला समन्वय समिति, ओखलढुङ्गा मार्फत नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, ईटहरीमा यस मानेभन्ज्याङ बजारको लागि ट्राफिक प्रहरी पोष्ट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** यस मानेभन्ज्याङ गाउँपालिकाको क्षेत्रमा पर्ने काठमाडौं- खुर्कोट-हर्कपुर हुँदै ओखलढुङ्गा, सोलु, खोटाङ, भोजपुरका साथै विराटनगर,धरान, झापासम्म सञ्चालन हुने सार्वजनिक सवारी साधनहरु लामो दुरीबाट निरन्तर सञ्चालन हुने, सवारी चालक थाक्ने, तीव्र गति तथा घुम्ती सडकका कारण हर्कपुर हिलेपानी क्षेत्रमा बढी दुर्घटना भैरहेको हुनाले हर्कपुर बजार क्षेत्रमा रिफ्रेस स्थल (Refresh Centere) आवश्यक रहेको हुँदा यस गाउँपालिकाको वडा नं. ७ हर्कपुर बजारमा रहेको ८० फिट चौडाई, ३०० फिट लम्बाई भएको क्षेत्रफल ४-६-०-३ भएको जग्गा सुनकोशी गाउँपालिका वडा नं. ३ निवासी श्री पदम कुमारी श्रेष्ठ वर्ष ७० को र कुमार बहादुर श्रेष्ठ वर्ष ४९ को नाममा रहेको जग्गा जग्गादाताबाट गाउँपालिकाको नाममा रजिष्टेसन पास गरी सो पुनतार्जगी स्थल निर्माण तथा सञ्चालनको लागि सरोकारवाला निकायबीच गाउँपालिकाले समन्वय गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

प्रमाणित गरिएको छ